आज मिति २०८१ साल कार्तिक ११ गते आइतबारका दिन मण्डनदेउपुर नगरपालिकाका नगरप्रमुख श्री टोक बहादुर तामाङको अध्यक्षतामा मण्डनदेउपुर नगरपालिका, नगरकार्यपालिका (कार्यसम्पादन) नियमावली, २०७४ को नियम १० बमोजिम निम्न पदाधिकारीहरूको उपस्थितिमा नगरकार्यपालिकाको ४७ औं बैठक बसी देहायबमोजिम निर्णयहरू गरियो ।

उपस्थिति

| क्र.सं. | पद | कार्यालय | नाम, थर | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|
| १ | नगर प्रमुख | मण्डनदेउपुर न.पा. | श्री टोकबहादुर तामाङ | | |
| २ | नगर उपप्रमुख | मण्डनदेउपुर न.पा. | श्री विष्णुमणि नेपाल | | |
| ३ | वडा अध्यक्ष | वडा नं. १ | श्री शिवप्रसाद ढकाल | | |
| ४ | वडा अध्यक्ष | वडा नं. २ | श्री राजकुमार मल्ल | | |
| ५ | वडा अध्यक्ष | वडा नं. ३ | श्री पुरूषोत्तम बजगाईं | | |
| ६ | वडा अध्यक्ष | वडा नं. ४ | श्री मैतेसिं तामाङ | | |
| ७ | वडा अध्यक्ष | वडा नं. ५ | श्री हर्कबहादुर लामा | | |
| ८ | वडा अध्यक्ष | वडा नं. ६ | श्री सोमप्रसाद ढकाल | | |
| ९ | वडा अध्यक्ष | वडा नं. ७ | श्री विष्णुप्रसाद पौडेल | | |
| १० | वडा अध्यक्ष | वडा नं. ८ | श्री निरन्जन विष्ट | | |
| ११ | वडा अध्यक्ष | वडा नं. ९ | श्री सिताराम श्रेष्ठ | | |
| १२ | वडा अध्यक्ष | वडा नं. १० | श्री कुमार तामाङ | | |
| १३ | वडा अध्यक्ष | वडा नं. ११ | श्री दिपेन्द्र लामा तामाङ | | |
| १४ | वडा अध्यक्ष | वडा नं. १२ | श्री राजकुमार पराजुली | | |
| १५ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री सुनकुमारी तामाङ | | |
| १६ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री रिता रोक्का | | |
| १७ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री मैयादेवी तिवारी | | |
| १८ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री सविना विसुन्खे रम्तेल | | |
| १९ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री सावित्री दमाई | सावित्री | |
| २० | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री सूर्यबहादुर राई | | |
| २१ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री विकासकुमार राई | | |
| २२ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री भेषबहादुर वि.क. | | |
| २३ | सदस्य सचिव | नि. प्र. प्र. अ. | लोकेन्द्र बहादुर बिष्ट | | |
| आमन्त्रित | | | | | |
| २४. | लेखा अधिकृत | मण्डनदेउपुर न.पा. | श्री पुष्पराज बजगाईं | | |
| २५. | योजना अधिकृत | मण्डनदेउपुर न.पा. | श्री कासीनाथ नेपाल | | |
| | | | | | |

निर्णय नं. ५
अपाङ्गता परिचयपत्र वितरण समन्वय समितिको बैठक भत्ता खाजा खर्च अघिल्लो आर्थिक बर्षमा भएको व्यवस्थाअनुसार नै आवश्यक रकम व्यवस्थापन गर्ने निर्णय गरियो।

निर्णय नं. ६
मिति २०८१/०६/११ गतेको नगर स्तरीय विपद् व्यवस्थापन समितिको बैठकले निर्धारण गरे बमोजिमको मापदण्ड अनुसार UNICEF नेपालको प्रथम चरणको राहत वितरण योजना (मृतक परिवार, वसेको घर पूर्ण क्षति, बस्न अयोग्य/वस्ति स्थानान्तरण गर्नुपर्ने र पुर्ण गोठ/पशुपन्छी फर्म क्षति सहित पशु चौपायको मृत्यू भएको) स्वीकृत गर्ने तथा विपद् व्यवस्थापन समितिको बैठकले गरेका निर्णयहरु अनुमोदन गरी कार्यान्यन गर्ने निर्णय गरियो ।साथै दोस्रो चरणमा विपद्‌बाट क्षति भएको खेति योग्य जमिन तथा वालिनालीहरुको थप राहतका लागि UNICEF नेपालसँग सहयोगका लागि अनुरोध गर्ने र विभिन्न संघ संस्थाहरुले नगरपालिमा विपद् सम्बन्धि कार्यसंचालन गर्दा कार्यसंचालन गर्नु पुर्व नगरपालिकाको अनुमती लिनुपर्ने व्यवस्था अनिवार्य गर्ने निर्णय गरियो ।

निर्णय नं. ७
वडा नं. ८ र १२ को वडा कार्यालय र वडा नं. ३ को स्वास्थ्य चौकी निमार्णको लागि जग्गा प्राप्ती सम्वन्धी सूचना प्रकाशन सम्बन्धि विषय वस्तुका सन्दर्भमा आगामी बैठकमा प्रयाप्त छलफल गरी निर्णय गर्ने निर्णय गरियो ।

निर्णय नं. ८
मिति २०८१/०६/१० देखि १२ गतेसम्म परेको अविरल वर्षाबाट भएको क्षतिका आधारमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद्‌ले यस नगरपालिकालाई प्रभावित क्षेत्र समावेश गरेकोमा विपद्‌बाट अत्याधिक जनधनको क्षति भएकोले यस नगरपालिकालाई बाढी पहिरोको अति प्रभावित क्षेत्र समावेश गर्न विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद् समक्ष सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय नं. ९
यस नगरपालिका र जापानको फुजिनोमिया नगरपालिका बिच भगिनी सम्बन्ध स्थापना गर्न आवश्यक प्रक्रिया अगाडि बढाउने निर्णय गरियो।

निर्णय नं. १० विविध
क. नगरपालिकाको निर्माणधीन १५ शैय्याको नगर अस्पताल निर्माणको गुणस्तरीयता कायम गर्न नगरकार्यपालिकाको कार्यालयमा कार्यरत प्राविधिक जनशक्तिको अलावा निर्माणधिन नगर अस्पतालको नियमित अनुगमन, निरीक्षण र मूल्यांकन गर्न तेस्रो पक्ष (विज्ञ) सँग सेवा करार गरी काममा लगाउने निर्णय गरियो ।
ख. जिल्ला स्तरीय खुल्ला मेयर कप भलिवल प्रतियोगिता मंसिर पहिलो साता संचालन गर्ने गरियो।
ग. मिति २०८१/०७/१४ गते विहान ११ बजे नगरसभाहल उद्घाटन गर्ने निर्णय गरियो।

## २०८१।०७।११ गतेको नगर कार्यपालिकाको ४७औं बैठकका विषयवस्तुहरू (एजेन्डाहरू)

१. मिति २०८१/०५/२० गतेको कार्यपालिकाको ४५औं बैठकको र मिति २०८१/०६/१३ गतेको कार्यपालिकाको ४६ औं बैठकको निर्णय समीक्षा सम्वन्धमा ।
२. करार सेवा र दैनिक ज्यालादारीमा कार्यरत कर्मचारीहरुको म्याद थप सम्वन्धमा ।
३. अधिकृतस्तर सातौं तहका रिक्त पदमा पदपुर्तिका लागि प्रदेश लोक सेवा आयोगमा माग फारम भरि पठाउने सम्बन्धमा ।
४. बालमैत्री स्थानीय शासन घोषणा कार्यान्वयन तथा सञ्चालन कार्यविधि, २०८१ सम्वन्धमा ।
५. अपाङ्गता परिचयपत्र वितरण समन्वय समितिको बैठक भत्ता र खाजा खर्च सम्वन्धमा ।
६. विपद् पश्चात UNICEF नेपालको राहत वितरण सम्बन्धी मापदण्ड निर्धारण सम्वन्धमा ।
७. वडा नं. ८ र १२ को वडा कार्यालय र वडा नं. ३ को स्वास्थ्य चौकी निमार्णको लागि जग्गा प्राप्ती सम्बन्धी सूचना प्रकाशन सम्बन्धमा ।
८. बाढीपहिरोको अतिप्रभावित क्षेत्रमा समावेश गर्न सिफारिस गर्ने सम्वन्धमा ।
९. भगिनी सम्वन्ध स्थापना सम्वन्धी प्रकृया अगाडि बढाउने सम्बन्धमा ।
१०. विविध।

### निर्णयहरु

**निर्णय नं. १**

नगर कार्यपालिकाको मिति २०८१/०५/२० गते बसेको ४५ औं र मिति २०८१/०६/१३ गतेको ४६ औं बैठकले गरेका निर्णयहरुको कार्य प्रगतिको प्रस्तुति तथा छलफल गरी निर्णय कार्यान्वयनको समीक्षा गरियो।

**निर्णय नं. २**

मण्डनदेउपुर नगरपालिकामा कार्यरत करार, दैनिक ज्यालादारी तथा सुरक्षा गार्डहरुको करार म्याद २०८१ कार्तिक मसान्तसम्म थप गर्ने निर्णय गरियो।

**निर्णय नं. ३**

नगरपालिकामा रिक्त रहेको तपसिल बमोजिमका अधिकृतस्तर सातौं तहका रिक्त पदहरु, पदपुर्तिका लागि प्रदेश लोकसेवा आयोग बागमती प्रदेश समक्ष माग आकृति फारम भरि पठाउने निर्णय गरियो।

| क्र.स. | पद | तह | सेवा | समुह | स्वीकृत दरवन्दी | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | अधिकृत | अधिकृतस्तर सातौं | कृषि सेवा | ला.पो.डे.डे | १ | रिक्त |
| २. | अधिकृत | अधिकृतस्तर सातौं | कृषि सेवा | कृषि प्रसार | १ | रिक्त |

**निर्णय नं. ४**

बालमैत्री स्थानीय शासन घोषणा कार्यान्वयन तथा संचालन कार्यविधि, २०८१ आवश्यक संशोधन सहित स्वीकृत गर्ने निर्णय गरियो।